# NEPALI

***(Maximum Marks : 80)***

***(Time allowed : Three hours)***

*(Candidates are allowed **additional 15 minutes** for **only** reading the paper.*
*They must NOT start writing during this time.)*

---

*Answer questions 1, 2 and 3 in Section A and **four** other questions from Section **B** on **at least three** of the prescribed textbooks.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

## SECTION A

**Question 1** **LANGUAGE – 40 Marks**

**Write a composition in approximately 400 words in Nepali on any ONE of the topics given below :** **[15]**

निम्नलिखित विषयहरूमध्ये कुनै **एउटा** विषय छानेर **नेपालीमा** अन्दाजी **400** शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस् :

**(i)** 'यात्रा शिक्षाको एक अभिन्न अंग हो।' यस भनाइलाई सत्य प्रमाण गर्नुहोस्।

**(ii)** 'सामाजिक सञ्जालबाट मुक्त भए मात्र जीवन सार्थक बनिन्छ'। यस कथनको पक्ष व विपक्षमाथि प्रकाश पार्नुहोस्।

**(iii)** कुनै प्रतियोगिताको सहभागितामा पाएका तीता-मीठा अनुभवको वर्णन गर्नुहोस्।

**(iv)** 'स्वस्थ जीवन श्रेष्ठ जीवन।' यस उक्तिको भावलाई उदाहरण दिँदै विस्तार गर्नुहोस्।

**(v)** 'गर्नेलाई जहीं तहीं नगर्नेलाई कहीं न कहीं।' यस उखानको भावलाई उदाहरण दिँदै विस्तार गर्नुहोस्।

**(vi)** निम्नलिखित कुनै **एक** विषयमा मौलिक कथा लेख्नुहोस् :—

(a) पुरानो स्कूल

(b) ऊ फेरि आएन।

---

## Question 2

**Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words :**

निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस्। उत्तरहरूमा जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस् :

कमलाले अँगालो हालेर "सुनयना ! मलाई चिन्यौ ? म कमला, तिम्रो पुराना बान्धवी ! म तिमीलाई तिम्रो सफलता र उन्नतिमा अभिनन्दन चढ़ाउन आएको।'' भन्दै हात सुम्सुमाउन थाली। सुनयनाले कमलालाई चिनेपछि दुवै बान्धवी मिलनको आनन्दले आँसु खसाएर स्नेहको बन्धनमा बाँधिए। यिनी मेरी दिदी निर्मला हुन् भन्दै कमलाले निर्मलासित सुनयनाको परिचय गराई।

के गर्दैछौ आजकल ? दर्शनमा कतिवटा पुस्तक लेख्यौ ? तिमी त साह्रै बुद्धिमती अनि परिश्रमी थियौ कालेज पढ्दा सुनयनाले आन्तरिक हृदयबाट सोधी। कमलालाई उत्तर दिन अप्ठ्यारो लाग्यो। गरीब साधारण पति, एक थुप्रो छोराछोरी, साधारण वैवाहिक जीवन, कठोर परिश्रम ! कहाँ दर्शनशास्त्रका पुस्तक, थेसिस अनि विदुषीको सपना !

"के सोच्दैछौ ? बिहे पो गऱ्यु कि कसो ?''

सुनयनाको यस प्रश्नको उत्तरमा कमलाले सरल भावले भनी — "दर्शनशास्त्रको पुस्तक र थेसिस लेखेर विदुषी हुने कुरो केवल सपना थियो, सुनयना ! म साधारण गृहिणी हुँ। मेरा पति छन् सरल मध्यमवर्गी कर्मचारी। घरमा दुई छोरी, तीन छोराहरू छन् यही हो मेरो सानो घर — संसार, संसार घर होइन मेरो।'' सुनयना निरवतापूर्वक सुनिरही।

"तिमी परै खूबै भाग्यवती, विश्व भ्रमण गऱ्यौ, रूप यौवन अझै अक्षुण्ण छ, कोकिलझैं कण्ठ, मृगशावक झैं मुद्रा, अभिनय, कला अनि संगीतमा तिमी विलक्षण, तिमी सफलताको पराकाष्ठामा पुगेकी छौ, तिम्रो ख्याति र सुनाम अत्यन्त उच्च शिखरमा पुगेको छ, म तिम्रा प्रशंसा गर्छु, साथै ईर्ष्या सुनयना।'' कमला यस्तै कुरा गर्दै थिई, एकजना मध्य वयसी पुरुष आएर टेबलमा राखेको सर्बत उठाएर एक घुट्को पिए अनि सबैलाई हेर्दै — "अब विलम्ब हुन लाग्यो, चाड़ै मेरो प्रिय सुनु (सुनयना) भन्दै एक मुख सर्बत जुठो सुनयनालाई पिलाए। "ओह, हाउ नाइस यू आर'' त्यसले भने।

कमला छाँगोबाट खसेजस्तो भई कारण त्यो सर्बतको गिलासबाट हल्का मदिराको गन्ध आइरहेथ्यो। ती अग्ला व्यक्ति हाँस्तै बाहिर निस्के।

"मेरो सफलता यही हो। यसरी म पुरुषको खिलौना भएर ख्याति र सफलताको चुचुरामा पुगेकी छु।'' सुनयना सुँक्कसुँक्क रून थाली।.....

"तिमी पो साँचो सफलताको पराकाष्ठामा पुगेकी छौ, कमला। नारी जातिलाई मातृत्व र पति-गृहभन्दा ठूलो सफलता अरु उच्च छैन। मेरो निम्ति यो साँचो सफलता यस जीवनमा नभएर अर्को जीवनमा मात्र होला।'' दुवै रूनथाले।

(i) कमला कोसित सुनयना कहाँ आएकी थिई औ किन ? **[3]**

(ii) के कारणले कमलाको जीवनमा कुन कुरो केवल सपना बन्नपुग्यो ? **[3]**

(iii) किन कमला छाँगोबाट खसेजस्तो भई ? **[3]**

(iv) सुनयनाले आफ्नो सफलताबारे कस्तो अभिव्यक्ति दिई ? **[3]**

(v) नारी जातिका लागि ठूलो सफलता के रहेछ ? **[3]**

---

### Question 3

(i) Make sentences using any ***five*** words given below :— **[5]**

निम्नलिखित कुनै **पाँचवटा** शब्दबाट वाक्य लेख्नुहोस् :—

**(a)** देखि **(b)** देखी **(c)** टाढा **(d)** तारा **(e)** जाति **(f)** जाती **(g)** भीड़ **(h)** भीर

(ii) Change the gender of any ***five*** words given below :— **[5]**

निम्नलिखित कुनै **पाँचवटा** शब्दको लिङ्ग परिवर्तन गर्नुहोस् :—

**(a)** भैंसी **(b)** गुरुङ **(c)** बालक **(d)** कवि **(e)** छात्र **(f)** नायिका **(g)** महाशय **(h)** शिक्षक

## SECTION B

## PRESCRIBED TEXTBOOKS - 40 Marks

*Answer **four** questions from this Section on **at least three** of the prescribed textbooks.*

## गद्य कुञ्ज

## (Gadya Kunj)

### Question 4

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :—

म म्याट्रिकमा पढ्दै थिएँ। एक-एक क्लासमा तीन-तीनचोटि फेल हुन्थेँ। त्यस अर्थ म्याट्रिकमा पुग्दा म चौबीस वर्षको कराँतिलो जवान थिएँ। जाँच शुरु भयो। मलाई न ता संस्कृतको आत्मनेपदको ज्ञान थियो न ता इतिहासको मौर्यवंशको पुर्ख्यौली। कालो मसीको एक थोपो पनि उत्तर-पत्रहरूका अंगहरूमा दाग नलाई म परीक्षाघरबाट निस्कैं।

फेल भएँ। बाले भन्नुभो, 'जे मन लाग्छ गर्। तर घरबाट निस्की।'

ताराका पिता स्वयम् मोटर चलाउँथे — आफ्नै एउटा मोटर थियो। मोटर चलाउने तालीमसित उनले मलाई छोरी पनि दिए।

(i) "म म्याट्रिकमा पढ्दै थिएँ।" भनेर कसले आफू कति वर्षको उमेरमा कुन कक्षामा पढ्दै गरेको कुरा गरेको हो ? **[1]**

(ii) साधारणत: कति वर्षको उमेरमा म्याट्रिक परीक्षा दिइन्छ ? को किन कति वर्षको उमेर पुग्दा म्याट्रिक परीक्षा दिनुपुगेको रहेछ ? **[2]**

(iii) वक्ताले के कारण परीक्षाघरबाट कसरी निस्केको कुरा गरेको हो ? **[2]**

(iv) प्रस्तुत अवतरणमा चर्चित तारा को हो ? को केमा फेल भएपछि उसलाई कसले के भनेछन् अनि घरबाट निस्किएपछि उसले के गरेछ ? **[5]**

**Question 5**

निम्नलिखित कुनै **एक** कथालाई छोटकरीमा लेख्नुहोस् :— [10]

**(i)** तेस्रो घर।

**(ii)** जयमाया आफूमात्र लिखापानी आइपुगी।

**Question 6**

एउटै उखानभित्र लाखन रूपियाँ पर्ने अमूल्य हिरा लुकिरहेको हुन्छ। काममा हिरा फोर्नु बेकाममा नूनको ढिकी वा कौड़ी नफोर्नु। हेर्नोस् त यो उखानभित्र लुकिरहेको अमूल्य उपदेश। 'गरेदेखि हुन्छ अल्छेलाई नास्ति।' 'गर्नेलाई जहीं तहीं नगर्नेलाई कहीं न कहीं।' यहि उखान मनमा राखेर संसार चलाए भन्नोस् त को सप्रँदैन ? यह भनाइबाट व्यक्त — अभिव्यक्तिमा दर्शाइएको उखानको महत्व विषय चर्चा गर्नुहोस्। [10]

## कविता कुञ्ज

## (Kavita Kunj)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :—

आँगन-आँगन डुली
सानो रङ्गी चरी
मोतीजस्तो चामल मुट्ठी
माग्छ घरी घरी

**(i)** उपर्युक्त पद्यांश कसले लेखेका कुन कविताबाट प्रस्तुत गरिएको हो ? [1]

**(ii)** प्रस्तुत गद्यांशमा कविले किन कसलाई सानो रङ्गी चरी भनी परिचय दिएका छन् ? [2]

**(iii)** यहाँ कविले चामललाई किन केसित तुलना गरेका हुन् ? [2]

**(iv)** यस कवितामा कसको विषयमा लेखिएको छ र उसको के कस्ता विशेषता वर्णन गरिएको छ ? [5]

**Question 8**

निम्नलिखित कुनै **एक** कविताको सारांश लेख्नुहोस् :— [10]

**(i)** शहीदहरूका सम्झनामा

**(ii)** सुख-दुःख।

---

**Question 9**

भूतको भय नदेखाऊ नतर्साऊ
भविष्य झन अन्धकार छ
सूर्योदय औंल्याउँदै मरेको मुर्दा
कक्रेर पूर्वतिर औंल्याइरहेछ
सूर्य पश्चिम पुगिसके
मुर्दालाई राम्रो कात्रो ओढाइदेऊ
उ पल्टोस् हामी सँगै हिँड़ौं।
निहुँ छोड़......
जालझेल छोड़
अप्ठ्यारो बानी खुर्क
जहाँ हाम्रो वास हुनेछ
जहाँ मन्दिर, मस्जिद गिर्जा स्तूप
केही छैन।

— बाट कविले के व्यक्त गरेका छन् व्याख्या गर्नुहोस्। [10]

## जुनेली रेखा
## (Juneli Rekha)

**Question 10**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :—

तीनै जनाले मन नपरी नपरी सलाम गरेर कोठीको कम्पाउण्ड छाड़े। राइटरको चित्त पटक्क बुझेको थिएन र अलि तल पुगेपछि भन्यो — "यही हो नियाँ" ? एउटाले पोल लायो, अर्कोलाई बोल्ने मौका नदिई सजायको अडर झाड्यो। कोर्ट कचहरीमा पनि दुइतिरको गवाही सुनी, उकीलहरूले ऐन देखाइदिएर, बोलेर, लड़ेर हो भन्ने प्रूफ पाएपछि मात्र विचार हुन्छ, सजाय हुन्छ कि डिसमिस हुन्छ, भएन अपील गर्न सक्छ।''

**(i)** कसले कस्तो नियाँ पाएछ ? [1]

**(ii)** कुन कुरामा राइटरको चित्त पटक्क बुझेको थिएन ? [2]

**(iii)** बोल्ने मौका नपाउने अनि सजाय सुनाउने को-को हुन् ? [2]

**(iv)** कोर्ट कचहरीमा कुन विषय के हुँदोरहेछ ? [5]

**Question 11**

"मेकी चियाकमानमा मानसिक पिरलोमा परेकी मालिनीले गरेको एकाग्र स्मरणको अदृश्य स्पन्दनले दोर्जेलिङ शहरमा हट्टाबाहिर भई बसेको जसेलाई बाडुली चलाउनुसम्म चलायो अनि उसलाई मालिनीको यादले एकोहोरो पार्‍यो।''

मालिनी कस्तो मानसिक पिरलोमा परेकी थिई ? उसको जीवनमा आएको उतार-चढ़ाउको वर्णन गर्दै कसले कसरी उसको जीवनलाई साम्य गरायो सो पनि विस्तारपूर्वक जनाउनुहोस्। [10]

---

**Question 12**

"जसे हट्टाबाहर भएको कष्टदायक संवाद प्रसारित हुन धेरै समय लागेन। सुन्नेलाई आफैमाथि "दु:ख वैरिए जस्तो लाग्यो।''

**माथि उल्लिखित जसे को हो अनि किन जसे हट्टाबाहर भएको संवादलाई कष्टदायक भनिएको हो ? चर्चा गर्नुहोस्।** [10]

## अनि देवराली रून्छ

## (Ani Deorali Runcha)

**Question 13**

"अशुभ समाचार ल्याएकोमा मुलाई माफ गर्नुहोस् फुपा। छेउमा उभिएर म तपाईंलाई अझ दु:खी बनाउन चाहँदिनँ। मु गएँ''

**(i)** प्रस्तुत अवतरण कसले कसलाई कहाँ भनेको हो ? [1]

**(ii)** यहाँ अशुभ समाचार भनेर के भन्न खोजिएको हो ? [2]

**(iii)** रणधोजले कस्तो अवस्थामा अम्बरेको प्रतिक्षा गरेका थिए ? [2]

**(iv)** अशुभ समाचारमा भएको घटना के कारण घटेको हो ? [5]

**Question 14**

चतुरमान — (बहादुरेलाई उत्तेजित गराउँदै) बहादुरे तुँइले यो आइमाइ जाबोको शरीरमा चाइने हात लगाएर के पाउँछस् ? जा न त्यो चाइने अम्बरेलाई ठिकपार्। अहिले चाइने त्यो माथि दोबाटोमा त पुग्या होला। **यस अभिव्यक्तिबाट कस्तो घटनाको संकेत भएको छ अनि त्यस घटना गराउनको निम्ति चतुरमानले किन कस्तो चाल चलेको छ, वर्णन गर्नुहोस्।** [10]

**Question 15**

रणधोज — (अत्तालिँदै कुरा बनाउँछ) ए.... नानीलाई भेटेन र ? मुइले ता तिमीलाई भेटेर जानु भनिरथें। अम्बर — (चिन्तित भावमा) किन ? कहाँ गई ?

**— यसका वक्ताहरूले कसको विषयमा वार्तालाप गरिरहेछन् अनि रणधोजले के कुरा बनाएको हो ? विस्तारपूर्वक वर्णन गर्नुहोस्।** [10]